# मतदाता नामावली अद्यावधिक(दाबी विरोध) कार्यक्रम, २०८२

निर्वाचन आयोग, नेपाल

२०८२

१. पृष्ठभूमि

मिति २०८२/११/२१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि आयोगबाट मिति २०८२/११/२० गतेसम्ममा अठार वर्ष उमेर पूरा भएका देशभरका मतदाताको नामावली अद्यावधिक गरी मतदाता नामावली ऐन, २०७३ को दफा २० बमोजिम अन्तिम नामावली प्रकाशन गर्नुपर्ने कानूनी व्यवस्था रहेकोले यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो।

विगतमा सम्पन्न भएका निर्वाचनका लागि मतदान हुने अघिल्लो दिन सम्म १८ बर्ष उमेर पुग्ने मतदाताको नामावली अद्यावधिक गरी अन्तिम मतदाता नामावली प्रकाशन गरिदैं आएको हुँदा सोही अनुरूप यस निर्वाचनमा पनि मिति २०८२/११/२० गतेलाई निर्दिष्ट मिति (Cut-off Date) तोकी सो मितिसम्म १८ वर्ष उमेर पुग्ने मतदाताहरूको मतदाता नामावली अद्यावधिक गरी अन्तिम मतदाता नामावली प्रकाशन गर्न यो कार्यक्रम तयार गरिएको छ।

२. कानूनी व्यवस्था

मतदाता नामावली अद्यावधिक गर्नका लागि आयोगबाट स्वीकृत मतदाता नामावली अद्यावधिक कार्यविधि, २०८१ कार्यान्वयनमा रहेको छ। सोही कार्यविधिमा तोकिएका विधि र प्रक्रियाका आधारमा मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन हुनेछ।

३. उद्देश्य

प्रस्तुत कार्यक्रमको मूल उद्देश्य आयोगले हालसम्म दर्ता गरेको मतदाताको विवरणलाई शुद्ध तुल्याइ निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न गर्नमा सहयोग पुऱ्याउनु हो। यसका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :-

क. आयोगले तयार गरेको फोटो सहितको मतदाता नामावलीमा मतदाताले आफ्नो नाम विवरण हेर्न एवम् अद्यावधिक गर्नको लागि सहज पहुँच प्रदान गर्ने,

ख. मतदाता नामावलीमा दोहोरो नाम हटाउने, विवरणमा रहेको त्रुटि सच्याउने तथा नागरिकता त्याग एवम् रद्द गरेका र मृत्यु भएका व्यक्तिहरूको विवरण मतदाता नामावलीबाट हटाउने,

ग. विवाह तथा बसाइँसराइ भए बमोजिम दर्ता भएका निवेदन बमोजिम अद्यावधिक गरी मतदाता नामावली कायम गर्ने,

घ. मतदाता नामावली ऐन, २०७३ को दफा २० बमोजिम अन्तिम मतदाता नामावली प्रकाशन गरी वैधानिकता प्रदान गर्ने।

४. कार्यक्रम सञ्चालन हुने स्थान र अवधि

मतदाता नामावली अद्यावधिकको कार्य मिति २०८२/०८/२० देखि २०८२/०९/१५ सम्म अनुसूची-१ मा समावेश भएका क्रियाकलाप बमोजिम सञ्चालन हुनेछन्। मिति २०८२/०८/२० पूर्व निर्वाचन कार्यलयहरूबाट आयोगमा डाटा पठाउने लगायतका कार्यहरू सम्पादन हुनेछन्।

अद्यावधिक कार्यक्रम अनलाइन मार्फत एवम् निर्वाचन कार्यालय र देशभरका सबै वडा कार्यालयबाट समेत सञ्चालन हुनेछ। मतदाता नामावली अद्यावधिक कार्यक्रम आयोगबाट स्वीकृत गराई २०८२/०८/०५ गतेभित्र सबै निर्वाचन कार्यालयमा पठाउनु पर्नेछ। निर्वाचन कार्यालयले २०८२/०८/ गतेभित्र सबै स्थानीय तह र वडा कार्यालयमा अनुसूची-१ बमोजिमको सूचना प्रकाशनार्थ पठाइसक्नु पर्नेछ।

५. **स्थानीय तह तथा स्थानीय पञ्जिकाधिकारीले गर्नुपर्ने कार्यहरूः**

क) स्थानीय तहले सहयोग गर्नुपर्ने विषयहरूः

- मतदाता नामावली अद्यावधिक सम्बन्धी कार्यका लागि स्थानीय पञ्जिकाधिकारीलाई तोकिएको समयमा कार्यसम्पादन गर्न निर्देशन गर्ने,
- आफ्नो कार्यालयमा अनुसूची १ टाँस गरी स्थानीय तह भित्रका मतदाताहरूलाई मतदाता नामावली अद्यावधिक कार्यका लागि सूचित गर्ने,
- निर्वाचन कार्यालयबाट माग भएका विवरणहरू समयमै उपलब्ध गराउने।

ख) स्थानीय पञ्जिकाधिकारीले देहायका कार्यसम्पादन गर्नु पर्नेछः

- मतदाता नामावली अद्यावधिक कार्यक्रममा आम नागरिकको सहभागिता वृद्धि गर्नका लागि अनुसूची-१ बमोजिमको सूचना प्रचारप्रसारमा सहयोग गर्ने,
- कार्यक्रम कार्यान्वयनका लागि अनुसूची-१ बमोजिम हुने क्रियाकलापमा आवश्यक सहयोग उपलब्ध गराउने,
- अनुसूची-१ बमोजिम हुने कार्यक्रम सञ्चालन गर्न सूचना सम्प्रेषण गर्ने तथा कार्यक्रम अवधिमा नागरिकहरूलाई अनुसूची फाराम, निवेदन, सूचना, उजुरी अनलाइन मार्फत दर्ता गर्न सूचित गर्ने,
- आफ्नो वडामा दर्ता हुन आएका घटनाहरु मध्ये मृत्यु, बसाइँसराइ, विवाह दर्ता सम्बन्धी विवरण प्रमाणित गरी तोकिएको अवधिभित्र निर्वाचन कार्यालयमा पठाउने,
- निर्वाचन कार्यालयबाट प्राप्त सूचना तथा अनुसूची विवरणहरू आफ्नो कार्यालयको सूचना पाटीमा टाँस गर्ने गरी जानकारी गराउने व्यवस्था मिलाउने।

•

अनुसूची-१

(मतदाता नामावली अद्यावधिक कार्यविधि, २०८१ को दफा ४ को उपदफा (२), दफा ६ को उपदफा (१), (३), (४) र दफा १३ को उपदफा (३), (१०) सँग सम्बन्धित)

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय, ........

**मतदाता नामावली अद्यावधिक कार्यक्रमसम्बन्धी सूचना**

मतदाता नामावली अद्यावधिक कार्य २०८२ साल मङ्सिर र पुस महिनामा देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सबै मतदाताले आफ्नो विवरण हेरी कुनै विवरण अद्यावधिक गर्नुपर्ने भएमा निम्नानुसारको मिति र स्थानमा सूचना तथा निवेदन पेश गर्न आयोग अनुरोध गर्दछ।

| क्र.सं. | क्रियाकलाप | देखि | सम्म | कार्य सम्पादन हुने स्थान/सम्पर्क गर्ने स्थान |
|---|---|---|---|---|
| १ | आयोगको वेबसाइटमा मतदाता नामावली प्रकाशन गर्ने | २०८२/०८/२० | | https://www.election.gov.np |
| २ | मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने | २०८२/०८/२१ | २०८२/०८/२७ | अनलाइन (https://applyvr.election.gov.np) वा निर्वाचन कार्यालय |
| ३ | कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | | | |
| ४ | कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने | | | |
| ५ | मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | | | |
| ६ | वडा कार्यालयमा दर्ता भएका निवेदन प्राप्त गर्ने, बसाइँ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट र नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने र सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाइँ सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त गर्ने | २०८२/०८/२१ | २०८२/०८/२७ | निर्वाचन कार्यालय |
| ७ | उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०८२/०८/२८ | २०८२/०९/०१ | निर्वाचन कार्यालय |
| ८ | मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने, नाम हटाउने लगायत कानून बमोजिम निर्णय गर्ने | २०८२/०९/०२ | २०८२/०९/०५ | निर्वाचन कार्यालय |
| ९ | नाम हटाइएको सूचना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्ने र फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासंगै आयोगमा पठाउने | २०८२/०९/०६ | २०८२/०९/०९ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| १० | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | २०८२/०९/१५ | | निर्वाचन आयोग |